**कोरोना भाइरससम्बन्धी सुदूरपश्चिम प्रदेशको अवस्था**
**कैलाली । ०७७ वैशाख ४ गते**

प्रदेश स्वास्थ्य आपतकालिन केन्द्रं डोटीका अनुसार वैशाख ४ गतेसम्म पीसीआर प्रविधिबाट १ हजार ८ सय ९३ र न्यापिड टेस्ट मार्फत ४ हजार ३ सय ३३ जना गरी अहिलेसम्म ६ हजार २ सय २६ जनाको कोरोना परीक्षण गरिएको छ । न्यापिड टेस्ट गरिएका सबैको रिपोर्ट नेगेटिभ आएको छ भने पीसीआर प्रविधिबाट परीक्षण गरिएका पाँच जनाको रिपोर्ट पोजेटिभ आएको स्वास्थ्य आपतकालिन केन्द्रले जनाएको छ । धनगढीमै स्थापना भएको आरटिपीसीआर मेसिनमा रुकुमका थप दुई जनाको रिपोर्ट पोजेटिभ आएपनि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा परीक्षण हुन बाँकी भएको हुँदा अहिलेसम्म पुष्टि गरिएको छैन् । हालसम्म सुदूरपश्चिमबाट ६ हजार ८ सय ७४ जनाको नमूना सङ्कलन गरिएकोमा अझै ६ सय ४८ जनाको रिपोर्ट आउन बाँकी रहेको प्रदेश स्वास्थ्य आपतकालिन केन्द्र ,डोटीले जनाएको छ । वैशाख ४ गते मात्रै सुदूरपश्चिम प्रदेशबाट कोरोनाको पीसीआर प्रविधिबाट थप ४ सय १६ जनाको नमूना परीक्षण गरिएकोमा सबैको रिपोर्ट वैशाख ४ गते नेगेटिभ आएको छ । यसैगरी वैशाख ४ गते मात्रै सुदूरपश्चिमका ८ सय २४ जनाको न्यापिड टेस्ट गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको छ । सुदूरपश्चिम प्रदेशमा सबैभन्दा बढि प्रदेशको राजधानी कैलालीमा २ हजार ४ सय २९ जनाको न्यापिड टेस्ट गरिएको छ । यसैगरी कञ्चनपुरमा ४ सय ६८ जना, बैतडीमा १ सय ८१ जना, दार्चुलामा १ सय ५१ जना, डडेल्धुरामा ११ जना, डोटीमा ४ सय १४ जना, बझाङमा ४ सय ७३ जना, अछाममा १ सय ४३ जना र बाजुरामा ६३ जनाको न्यापिड टेस्ट गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य आपतकालिन केन्द्रले जनाएको छ । हालसम्म सुदूरपश्चिमका विभिन्न अस्पतालको आइसोलेसनमा राखिएका ८७ जनाको कारोना परीक्षण रिपोर्ट नेगेटिभ आएपछि डिस्चार्ज गरिएको छ भने प्रदेशका विभिन्न अस्पतालमा १२ जनालाई आइसोलेसमा राखिएको छ जसमा पाँच जना कोरोना सङ्क्रमित छन् । बाँकी सात जनाको परीक्षण रिपोर्ट आउन बाँकी रहेको छ । सुदूरपश्चिम प्रदेशको डोटी जिल्लाबाहेक अन्य आठ जिल्लामा ९ सय ५९ जनालाई क्वारेन्टाइनमा राखिएको छ ।

**इन्सेक कञ्चनपुर जिल्ला प्रतिनिधि कोमलनिरञ्जन भाटका अनुसार** जिल्ला कारागार,कञ्चनपुरमा रहेका कैदीबन्दीहरुले गरीब तथा विपन्न परिवारलाई राहतका लागि चामल र नुन सहयोग गरेका छन् । उनीहरुले आफ्नो एक छाक काटेर आठ क्विन्टल चामल र एक बोरा नुन प्रमुख जिल्ला अधिकारी नुरहरि खतिवडालाई हस्तान्तण गरेको जेलर श्यामराज भट्टले बताउनु भयो । विभिन्न अपराधमा जेल सजाय भोगिरहेका कैदीबन्दीहरुले कोरोना महामारीको समयमा गरीब तथा विपन्न परिवारका लागि सानो सहयोग गर्न पाउँदा आफूहरू धेरै खुशी भएको बताएका छन् । कारागारमा २० महिला र ७५ पुरूष क्षमता भएको जिल्ला कारागारमा हाल ३ सय १६ जनालाई राखिएको छ । क्षमताभन्दा तेब्बरबढी कैदीबन्दी कारागारमा रहेकाले कारोना महामारीको चुनौती बढेको जेलर भट्टले बताउनु भयो ।

**इन्सेक दार्चुला जिल्ला प्रतिनिधि नरेन्द्र कार्कीका अनुसार** विश्वव्यापी महामारीका रुपमा फैलिएको कोरोना भाइरसका कारण सङ्कट व्यवस्थापन केन्द्र, दार्चुलाले यो वर्ष यार्सागुम्बा सङ्कलनको लागि अनुमति तथा सहमति नदिने निर्णय गरेको छ । प्रमुख जिल्ला अधिकारी एवं सङ्कट व्यवस्थापन समितिका अध्यक्ष यदुनाथ पौडेलको अध्यक्षतामा बसेको बैठकले सबै स्थानीय तहहरुले यो वर्ष यार्सागुम्बा सङ्कलनको लागि अनुमति र सहमति नित नहुँने निर्णय गरिएको प्रमुख जिल्ला अधिकारी पौडेलले जानकारी दिनुभयो । हिमाली क्षेत्रमा पाइने यार्सागुम्बा सङकलनको लागि लकडाउन अवधिभरी

अपिनाम्पा संरक्षण क्षेत्र कार्यालय र सरोकारवाला निकायमा यार्सागुम्बा सङ्कलन अर्को आदेश नभएसम्मको लागि नगर्न नगराउन बैठकले निर्देशन गरेको छ ।
सुदूरपश्चिम प्रदेश सरकारले घोषणा गरेको राहत रकम वितरणको लागि जिल्लाका स्थानीय तहलाई रकम पठाइएको छ । गरीब, असहाय र विपन्नलाई प्रति परिवार ३ हजार रुपियाँका दरले राहत दिने घोषणा अनुसार प्रदेश सरकारले जिल्लाका नौ ओटै स्थानीय तहका लागि ८० लाख ७० हजार रुपियाँ बजेट पठाएको आन्तरिक मामिला तथा कानून मन्त्रालयले जनाएको छ ।
प्रदेश सरकारको ०७६ चैत २७ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णय अनुसार राहत वितरणको मापदण्ड अनुसार लकडाउनको अवधिभित्रै स्थानीय तहमार्फत वितरण हुने गरी निकासा गरिएको मन्त्रालयका सचिव कृष्णबहादुर राउतले जानकारी दिनु भयो । सबैभन्दा बढि शैल्यशिखर नगरपालिकाको लागि १३ लाख ७० हजार रुपियाँ र सबैभन्दा कम अपिहिमाल गाउँपालिकाको लागि ३ लाख २० हजार रुपियाँ बजेट पठाइएको छ । महाकाली नगरपालिकाको लागि ११ लाख ९० हजार, लेकम गाउँपालिका १० लाख २० हजार, नौगाड गाउँपलिकाको लागि १० लाख २० हजार, मालिकार्जुन गाउँपालिकाको लागि ९ लाख ५० हजार, मार्मा गाउँपालिकाको लागि ८ लाख ५० हजार, दुहुँ गाउँपालिकाको लागि ६ लाख ९० हजार र व्यास गाउँपालिकाको लागि ६ लाख ६० हजार रुपियाँ बजेट निकासा गरेको छ । आर्थिक मामिला तथा कानुनमन्त्रीका स्वकीय सचिव आर्दश साउँदका अनुसार राहत वितरण मापदण्ड अनुसार प्रति परिवार ३० किलो चामल, तीन किलो दाल, दुई प्याकेट नुन, दुई लिटर तेल, चार पिस साबुन र दुई किलो चिनी वितरण गरिने भएको छ ।
सदरमुकाम खलंगास्थित महाकाली नगरपालिकाको क्वारेन्टाइनमा राखिएका १४ जना व्यक्तिको थ्रोट स्वाब नमूना परीक्षण रिपोर्ट नेगेटिभ आएपछि वैशाख ४ गते उनीहरुलाई घर पठाइएको छ। भारतका विभिन्न ठाउँबाट फर्किएका १४ जना व्यक्तिहरुलाई क्वारेन्टाइनमा बसेको २१ दिन भइसकेको र उनीहरुको रिपोर्ट पनि नेगेटिभ आएकोले सात दिन होम क्वारेन्टाइनमा बस्ने गरी घर पठाइएको महाकाली नगरपालिका स्वास्थ्य शाखा संयोजक लालजीरा भट्टले बताउनु भयो ।
मालिकार्जुन, नौगाड, दुहुँ, मार्मा, अपिहिमाल गाउँपालिका र शैल्यशिखर नगरपालिकामा वैशाख ४ गते ८१ जनाको र्‍यापिड डाइग्नोस्टिक टेस्ट गरिएकोमा सबै जनाको रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य कार्यालय, दार्चुलाका सूचना अधिकारी खगेन्द्र कार्कीले जानकारी दिनु भयो । जिल्ला स्वास्थ्य कार्यालय, दार्चुलाका अनुसार २ जना महिला र ७९ पुरुषमा वैशाख ४ गते र्‍यापिड डाइग्नोष्टिक टेष्ट गरिएको हो ।

**इन्सेक डडेल्धुरा जिल्ला प्रतिनिधि भूपेन्द्र विष्टका अनुसार** गन्यापधुरा गाँउपालिका - १ भेटामा रहेको मुक्त हलियाबस्तीमा सरकारको राहत पुग्न सकेको छैन् । नेपाल सरकारले लकडाउनको समयमा दैनिक ज्यालामजदुरी गर्ने वर्गका लागि स्थानिय तहमार्फत राहत वितरणका कार्य गरिरहेको भएपनि यहाँको मुक्त हलियाबस्तीमा भने राहत नपुगेको स्थानीयले गुनासो गरेका छन् । १२ वर्षदेखि जङ्गलमा बस्दै आएका यहाँका मुक्त हलिया परिवारले वडा कार्यालयबाट अहिलेसम्म एउटा मास्क र दुई ओटा साबुन मात्रै पाएको बताएका छन् । भारतको दिल्लीबाट फर्किएका मुक्त हलिया परिवारका एक जना सदस्य १४ दिन क्वारेन्टाइनमा बसेपछि स्वास्थ्य परीक्षणपश्चात ३० केजी चामल पाएको बताउनु हुन्छ । ठुलो परिवार रहेकोले राहतस्वरुप पाएको चामलसमेत सकिन लागेकोले खाद्यान्नको समस्या झेल्नु परेको उहाँको गुनासो छ । दैनिक ज्यालामजदुरी गर्ने निम्नआयस्तर भएका परिवारहरुका लागि राज्यले उचित राहत वितरण गरिरहेको भएपनि जिल्लाका मुक्त हलियासम्म राहत पुग्न सकेको छैन् ।

**इन्सेक अछाम जिल्ला प्रतिनिधि शिवराज ढुङ्गानाका अनुसार** भारतबाट घर फर्किएने क्रममा लकडाउनका क्रममा कैलालीको धनगढीमा अलपत्र परेका मंगलसेन नगरपालिका-१३ वस्ती गाउँका १५ जनालाई मंगलसेन नगरपालिकाले उद्धार गरी स्वास्थ्य परीक्षणपश्चात वैशाख ३ गते होम क्वारेन्टाइनमा पठाएको छ । कैलालीबाट उद्धार गरिएका १५ जनाको र्‍यापिड डाइग्नोष्टि टेष्ट गर्दा रिपोर्ट नेगेटिभ आएपछि होम क्वारेन्टाइनमा बस्नेगरी घर पठाइएको नगरप्रमुख पदमबहादुर बोहराले जानकारी दिनुभयो । पञ्चदेवल विनायक नगरपालिकाको क्वारेन्टाइनमा रहेका ६ जनाको थ्रोट स्वाब नमूना परीक्षण रिपोर्ट नेगेटिभ आएपछि होम क्वारेन्टाइनमा बस्ने गरी घर पठाइएको छ । ०७६ चैत २३ गतेदेखि क्वारेन्टाइनमा रहेका ६ जनाकै चैत २६ गते स्वाब सङ्कलन गरेर राष्ट्रिय प्रयोगशाला टेकुमा परीक्षण गर्दा रिपोर्ट नेगेटिभ आएपछि घरमा सुरक्षित रुपमा बस्ने सर्तसहित घर पठाइएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत पदमबहादुर माझीले जानकारी दिनुभयो ।
रामारोशन गाउँपालिकाले आफ्नो क्षेत्रका असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग, तथा असाहयलाई मापदण्ड अनुसार राहत वितरण गर्ने तयारी गरेको छ । गाउँपालिकाले राहत वितरणमा छनौट गरिएका व्यक्तिलाई प्रतिव्यक्ति ३० किलो चामल, तीन किलो दाल, दुई पाकेट नुन, दुई लिटर तेल र चार पिस साबुन दिइने गाउँपालिका अपरेटर दलबहादुर साउँदले जानकारी दिनु भयो । अपरेटर साउँदका अनुसार गाउँपालिका वडा नम्बर १ र २ मा तत्काल राहत वितरण गरिने छ । चौरपाटी गाउँपालिकाले आफ्नो क्षेत्रभित्र स्थायी घर भई हाल जिल्लाबाहिर रहेका व्यक्तिहरुकोसमेत तथ्याङ्क वडास्तरमै सङ्कलन गरेको छ । सात ओटै वडामा ४ हजार ९ सय ६९ घरधुरीमध्ये जिल्लाबाहिर रहेका २ हजार ७ सय ९३ जना महिला र ५ हजार ४ सय २५ जना पुरुष गरी ८ हजार २ सय १८ जना रहेको तथ्याङ्क सङ्कल नगरेको गाउँपालिका अध्यक्ष हर्कबहादुर साउँदले जानकारी दिनुभयो । लकडाउन खुले वित्तिकै घर फर्कन सक्ने भन्दै उनीहरुको उचित व्यवस्थापनका लागि वडा तहमै क्वारेन्टाइन निर्माण गरिएको अध्यक्ष साउँदको भनाइ छ ।

**इन्सेक बैतडी जिल्ला प्रतिनिधि नरी बडुका अनुसार** जिल्लाका ६ सय जनाको कोरोना चेकजाँच गर्दा रिपोर्ट नेगेटिभ आएको छ । भारत तथा अन्य ठाउँबाट भित्रिएर क्वारेन्टाइनमा बसेकाहरुको कोरोना चेकजाँच गर्दा रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य कार्यालयका प्रमुख योगेशप्रसाद भट्टले बताउनु भयो । ०७६ चैत २८ गते थ्रोट स्वाब नमूना सङ्कलन गरिएका ४ सय २८ जनामध्ये ४ सय १९ जनाका रिपोर्ट नेगेटिभ आएको र बाँकी नौ जनाको पुनःपरीक्षण गर्नु पर्ने देखिएको स्वास्थ्य कार्यालयका प्रमुख भट्टले बताउनु भयो । स्वाब राम्रोसँग सङ्कलन नभएकाहरुको पुनः थ्रोट स्वाब नमूना सङ्कलन गरी परीक्षण गरिने भट्टले बताउनु भयो ।
यसैगरी जिल्लाका विभिन्न स्थानीय तहले तयार गरेका क्वारेन्टाइनमा बसेका १ सय ८१ जनाको र्‍यापिड डाइग्नोस्टिक टेस्ट रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य कार्यालय,बैतडीका कोभिड -१९ सम्पर्क व्यक्ति भुवनप्रसाद जोशीले जानकारी दिनु भयो । जिल्ला अस्पताल बैतडीमा अहिलेसम्म २० जनाको कोरोना चेकजाँच गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको अस्पतालका प्रमुख डा. बसन्तराज जोशीले जानकारी दिनु भयो । पुर्चौडी नगरपालिका ३ सय ४३ जना , शिवनाथ गाउँपालिकाका १२ जना, मेलौली नगरपालिकाका चार जना र पञ्चेश्वर गाउँपालिकाको क्वारेन्टाइनमा बसेका ६६ जनाको थ्रोट स्वाब सङ्कलन गरिएको र उनीहरु सबैको रिपोर्ट नेगेटिभ आएको छ ।
यसैगरी दशरथचन्द नगरपालिकाका २१ जना, सुर्नया गाउँपालिकाका ४२ जना, दोगडाकेदार गाउँपालिकाका २० जना, डिलाशैनी गाउँपालिकाका ५० जान, पाटन नगरपालिकाका चार जना र सिगास गाउँपालिकाका २४ जनाको र्‍यापिड डाइग्नोष्टिक टेष्ट गर्दा सबै जनाको रिपोर्ट नेगेटिभ

आएको छ । जिल्लाका विभिन्न स्थानीय तहले तयार गरेका क्वारेन्टाइनमा अझै पनि १ सय ७७ जना बस्दै आएका छन भने उनीहरुको १४ दिन पुगेपछि र्‍यापिड डाइग्नोस्टिक टेस्ट गरिने स्वास्थ्य कार्यालयले जनाएको छ ।

**इन्सेक डोटी जिल्ला प्रतिनिधि बाशुदेव जोशी**का अनुसार जिल्ला कारागार,डोटीका कैदीबन्दीहरुले नेपाल सरकारको कोरोना भाइरस सङ्क्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा राहत सहयोग रकम प्रदान गरेका छन् । जिल्ला कारागार,डोटीमा विभिन्न अपराधमा कैद भुक्तान गरिरहेका ४९ जना कैदीहरूले आफूले पाएको सेवा सुविधाबाट एक दिन बराबरको र केही कैदीबन्दीहरुले व्यक्तिगतरुपमा गरी १० हजार ९५ रुपियाँ सरकारको कोरोना भाइरस सङ्क्रमण रोकथाम,नियन्त्रण तथा उपचार कोषको खातामा रकम जम्मा गरेका हुन् । जिल्ला कारागारमा रहेका ४९ जना कैदीहरूले एक दिन पाउने सुविधा ६० रुपियाँका दरले २ हजार ९ सय ४० रुपियाँ र थप स्वैच्छिक ५ हजार ५ सय गरी जम्मा १० हजार ९५ रुपियाँ सहयोग गरेका हुन् । सो रकम कोरोना भाइरसको प्रभावमा परेका विपन्न परिवारलाई सहयोग पुग्ने उद्देश्यले आफूहरूले सहयोग गरेको जिल्ला कारागार, डोटीका प्रमुख चौकीदार दीपेन्द्र जेठाराले बताउनु भयो । कैदीहरूले सहयोग गरेको रकम बुझ्दै डोटीका प्रमुख जिल्ला अधिकारी टेकनारायण पौडेलले संसारमा कोरोना भाइरस सङ्क्रमणको महामारी भइरहेको अवस्थामा कैदीबन्दीहरुले प्रदान गरेको रकमले विश्वव्यापी रूपमा फैलिरहेको महामारीलाई नियन्त्रणमा ल्याउन सरकारलाई सहयोग पुग्ने बताउनु भयो । कैदी बन्दीहरूबाट प्राप्त राहत सहयोग रकम आजै कोरोना भाइरस सङ्क्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषको खातामा जम्मा गरिएको प्रमुख जिल्ला अधिकारी पौडेलको भनाइ छ । २५ जना क्षमता भएको जिल्ला कारागार, डोटीमा ४६ जना पुरुष र तीन जना महिला गरी ४९ जना कैदीबन्दीहरु रहेका छन् ।

**इन्सेक सुदूरपश्चिम प्रदेश कार्यालय,धनगढी**